# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

कमल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तोपगाछी, झापा १ नं. प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ मिति : २०७७/०५/१३

## प्रेस विज्ञप्ती ।

आज मिति २०७७/०५/१३ गते विहान ७.३० बजे बसेको कार्यपालिका बैठकबाट मिति २०७७/०५/१४ गते देखि मिति २०७७/०५/२० गते राति १२.०० बजे सम्म निषेधाज्ञा जारी गर्न जिल्ला प्रशासन कार्यालय झापालाई देहायको निर्णय सहित सिफारिस गर्ने निर्णय भएकोले निर्णय कार्यान्वयनका लागि सबैमा अनुरोध गर्न यो सूचना जारी गरिएको छ ।

१. निषेधाज्ञा अवधिभर दैनिक उपभोगका सामानहरु खरिद बिक्री गर्नका लागि प्रत्यके दिन विहान ९.०० बजेसम्म मात्र पसल, व्यापार, व्यवसायहरु खोल्न पाइने, खोल्दा समेत अनिवार्य रुपमा मास्क, सेनिटाइजरको प्रयोग गर्नु पर्ने तर वडा नं. ३ को केर्खा बजारको हकमा भने निषेधाज्ञा अवधि भर कुनै पनि पसल, व्यपार र व्यवसाय लगायतका सबै पसलहरु खोल्न नपाइने /बन्द हुने ।

२. होटलहरु पूर्ण रुपमा बन्द रहने/खोल्न नपाइने ।

३. बैक, वित्तीय संस्था, सहकारी र अन्य सरकारी कार्यालयको सेवा समेत बन्द हुने ।

४. औषधी पसल खुल्ला रहने । दुध डेरी विहान ६.०० बजे देखि ८.०० सम्म र बेलुका ४.०० बजे देखि ६.०० बजेसम्म मात्र सन्चालन हुने/ खोल्न पाइने ।

५. एम्बुलेन्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरकारी नम्वर प्लेट भएका सवारी साधन, सन्चारकर्मी र सवारी पास भएका साधन र अति आवश्यक सेवा दिन प्रयोग गर्ने साधन बाहेक अन्य सबै प्रकारका सवारी साधनहरु चलाउन नपाईने । अति आवश्यक परि गाउँपालिका क्षेत्र भित्र सवारी चलाउन परेमा गाउँपालिकाको अनुमति लिनु पर्ने ।

६. मलामी जाँदा २५ जना भन्दा बढी जान नपाइने । बस प्रयोग गरेर मलामी जान नपाइने ।

७. सैलुन, ब्युटिपार्लरहरु पूर्ण रुपमा बन्द हुने /गर्नु पर्ने ।

८. सबै प्रकारका भेला, जुलुस, सभा, सम्मेलन, जात्रा, महोत्सव, पर्वमा मानिसहरु भेला हुन पूर्ण रुपमा बन्द गरिएको ।

९. अति आवश्यक सेवा बाहेक सरकारी कार्यालयबाट प्रदान गरिने अन्य बाहय सेवा र कार्यहरु स्थगित गरिएकोको ।

१०. उल्लेखित क्षेत्रमा निषेधाज्ञा उल्लंघन हुने गरी कसैले कुनै पनि गतिविधि गरे गराएमा गाउँपालिका, प्रहरी, प्रशासनद्धारा प्रचलित कानून अनुसार कारवाहि हुनेछ ।

११. पि.सि.आर.(स्वाब संकलन) गरिएका व्यक्तिहरु रिपोर्ट नआउन्जेलसम्म होम क्वारेन्टाइनमा अनिवार्य रुपान बस्नु पर्ने ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत